१०.बजेट प्रस्ताव गर्दा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको दोस्रो परिमार्जन २०७६ बमोजिमको खर्च शिर्षक वर्गीकरण बमोजिम गर्नु हुनेछ ।

११.बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत भएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डको परिपालना गर्नु हुनेछ ।

१२. नगर निर्वाचन क्षेत्र,भूगोल, जनसंख्या आदिको आधारमा सन्तुलित एवं समानुपातिक तवरले बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ ।

१३. एक भन्दा बढी टोलमा कार्यान्वयन हुने बाहेकका स साना आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नु हुनेछैन । ।संघ तथा-प्रदेश सरकारले खर्च व्यहोर्ने क्षेत्रमा बजेट विनियोजन गर्नुहुने छैन ।

१४.पूर्जीगत बजेटका हकमा नतिजा तथा लागत प्रभावकारिता र चालु बजेटका हकमा उपलब्धि विश्लेषण र मितव्ययितालाई प्रमुख सिद्धान्तको रुपमा अवलम्बन गरी वित्तीय अनुशासन कायम गर्ने र खर्चलाई नतिजासँग आवद्ध हुने गरी बजेट प्रस्ताव गर्नु हुनेछ ।

१५.वडा कार्यालयहरुले बजेट बाडफाड गर्दा तपशिलमा उल्लेखित व्यहोरा अनुरुप मात्र विभाजन गर्नुहुनेछ ।

| क्र.सं. | क्षेत्रगत | बाडफाड प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | पूर्वाधार विकास | कम्तीमा ७० प्रतिशत | |
| २ | सामाजिक विकास | बढीमा ३० प्रतिशत | |
| ३ | आर्थिक विकास | | |

१६. पूर्वाधार विकास कार्यक्रम तर्फ बाडफाड गरिने रकम मध्ये ५०% रकमको हिस्सा रु. ५ लाख वा सोभन्दा बढी लागत योजना कार्यक्रममा विनियोजन गर्नुपर्नेछ ।

१७.अधुरो योजनाहरु रही सम्पन्न हुने अवस्थाको सुनिश्चितता रहेको हकमा र बिनियोजित बजेटबाट सम्पन्न हुने बाहेक रु. १ लाख भन्दा कम लागतका योजनामा बजेट विनियोजन गरिने छैनन् ।

१८.आयोजना कार्यक्रम संचालनको सुनिश्चितता नभएको र निजी तथा व्यक्तिगत जग्गामा कुनै पनि सार्वजनिक निर्माणका लागि बजेट बिनियोजन गरिने छैन ।

१९. भवन तथा पुल निर्माणका योजनामा बजेट विनियोजन हुँदा सम्भाव्यता अध्ययन गरी सम्पन्न हुने सुनिश्चितता गरी बजेट विनियोजन गरिनुपर्नेछ तर अपुरो वा अधुरो रहने गरी बजेट विनियोजन गरिने छैन् । साथै सडक ग्रावेलको योजना प्रस्ताव नगरी सडक स्तरोन्नती सम्मको पूर्ण योजनको प्रस्ताव गर्नुहुनेछ ।

२०. शाखा कार्यालयहरुले बजेट बाडफाँड गर्दा आ-आफ्नो क्षेत्रगत मात्र बजेट विनियोजन गर्नुपर्ने र विषयगत क्षेत्रभन्दा बाहिरको बजेट विनियोजन गर्नुपर्ने अवस्थामा विषयगत समितिको निर्णय तथा सिफारिसका आधारमा उल्लेखित बजेट बाडफाड गर्नुहुनेछ ।

२१.बारबर्दिया नगरपालिकाको पञ्चवर्षीय आवधिक योजनाले प्राथमिकीकरण गरेका आयोजना तथा कार्यक्रम समेटिने गरी बजेट कार्यक्रम बाडफाड गर्नुहुनेछ ।

( धर्मराज न्यौपाने )
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, उद्योग र पर्यटनमा वृद्धि : बारबर्दिया नगरको समृद्धि"
"INCREASE IN AGRICULTURE, INDUSTRY AND TOURISM: PROSPERITY OF BARBARDIYA MUNICIPALITY"
बारबर्दिया नगरपालिका
BARBARDIYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
JAYNAGAR, BARDIYA
लुम्बिनी प्रदेश, नेपाल Google Plus Code: 898P+MP Jaynagar LUMBINI PROVINCE, NEPAL

मिति:-२०८१/०२/२८

विषयः- आ.व.२०८१/८२ को बजेट सीमा र मार्गदर्शन सम्बन्धमा।

श्री सम्पूर्ण वडा कार्यालयहरु, बारबर्दिया नगरपालिका
श्री सम्पूर्ण शाखा/उपशाखाहरु, बारबर्दिया नगरपालिका

प्रस्तुत विषयका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६(१) बमोजिम गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेटको सीमाभित्र रही विषयगत शाखा, उपशाखा तथा वडा समितिहरुले आमामी आ.व. २०८१/८२ मा संचालन गरिने नगरपालिकाको वार्षिक योजना, आयोजना, कार्यक्रम र अनुमानित रकम को बजेट प्रस्ताव गर्नुहुन अनुरोध छ ।उपलब्ध सीमा भित्रै रही निम्न बमोजिमका मार्गदर्शनहरुको परिपालना गरी कार्यक्रम/क्रियाकलापहरुमा आधारित भइ बजेट पेश गर्नुपर्नेछ ।

१. बारबर्दिया नगरपालिकाको आवधिक योजनाले निर्धारण गरेको सोच, उद्देश्य, रणनीति, कार्यनीति, नतिजा खाका तथा कार्यक्रमलाई आधार बनाई विकास आयोजना तथा कार्यक्रम प्रशताव गर्नुहुनेछ । आवधिक योजनाको नतिजा खाकामा उल्लेखित सूचकहरुको आगामी आ.व.२०८१/८२ का लागि निर्धारित लक्ष्य हासिल गर्न सहयोग पुराउने विकास आयोजना तथा कार्यक्रमहरुका लागि मात्र बजेट प्रशताव गर्नुहुनेछ । यसरी बजेट प्रशताव गर्दा सोह्रौ योजना र दिगो विकासका लक्ष्यहरुलाई सम्बोधन हुनेगरी गर्नुपर्नेछ ।
२. चालु आ.व.२०८०/८१ को नीति तथा कार्यक्रमले दिएको प्राथमिकता र निरन्तरता, बारबर्दिया नगरपालिकाको नीति तथा कार्यक्रम लक्षित क्षेत्र, नगर कार्यपालिकाबाट समय समयमा जारी गरिएका नीतिगत मार्गदर्शनहरुलाई समेत ध्यान दिई बजेट प्रस्ताव गर्नुहुनेछ ।
३. प्रस्ताव पेश गर्दा नेपाल सरकार तथा प्रदेश सरकार तथा अन्य निकायहरुसँगको सहकार्यमा संचालन हुने आयोजनाहरु सम्बन्धित निकाय र प्रदेश योजना आयोगका मार्गदर्शनको परीधिमा रही बजेट प्रस्ताव गर्नु हुनेछ ।
४. रोजगार अभिवृद्धि गर्ने उत्पादन बृद्धि गर्ने तथा क्षमता अभिवृद्दि साथै सामाजिक रुपमा पछाडि परेका समुदाय तथा आर्थिक क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी लैङ्गिक उत्तरदायि बजेट निर्देशिकाको प्राथमिकताका साथ बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ ।
५. निजी क्षेत्रसँगको सहकार्यलाई प्रवर्द्धन गर्न र निजी क्षेत्रको लगानीलाई आकर्षण गर्न आवश्यक हुने पुर्वाधार निर्माणका आयोजनाहरुलाई उच्च प्राथमिकता दिनुहुनेछ ।
६. आयोजनाको संचालनका लागि आवश्यक पर्ने रकम सम्बन्धित खर्चशीर्षकमा नै विनियोजन गर्नु हुनेछ ।
७. तहाँ वडा/शाखालाई उपलब्ध गराइएको बजेट सीमा रकम मातहतका निकायलाई समेत सीमा निर्धारण र बाँडफाँट गरी बजेट प्रस्ताव गर्ने व्यवस्था मिलाउनु हुनेछ ।
८. वडा/ शाखा मा विद्यमान जनशक्तिबाट सम्पादन हुने कार्यको लागि सेवा र परामर्श खर्चमा बजेट प्रस्ताव गर्नुहुने छैन ।
९. बजेट कार्यान्वयनमा विगतको अनुभवका आधारमा आगामी वर्षमा सम्पन्न हुने र त्यसपछिका वर्षहरुमा सम्पन्न गर्न सकिने परियोजनाहरुको कार्यान्वयनमा क्षमता समेत विचार गरी बजेट प्रस्ताव गर्नु हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

084-404100, 404107 इमेल:barbardiyamun@gmail.com, info@barbardiyamun.gov.np
वेबसाइट: www.barbardiyamun.gov.np फेसबुक पेज:https://www.facebook.com/Barbardiyamunicipality/